**निर्णय नं. १.**

कार्यपालिकाको ५२ औं वैठकमा भएका निर्णय र सो सम्बन्धमा भएको कार्य प्रगतिवारे छलफल तथा समीक्षा गरियो। वैठकका निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो।

**निर्णय नं. २**

मन्थली नगरपालिका कार्यपालिका सदस्य श्री निर्माण माझीका पिता गाईने माझीको यही मिति २०७८ मंसिर १९ गते भएको दुखद निधन प्रति शोक प्रस्ताव पारित गर्ने ।

**निर्णय नं. ३**

मोटरसाईकल दुर्घटनामा परी घाईते भएका मन्थली नगरपालिका वडा नं. ८ का वडा अध्यक्ष श्री राजकुमार श्रेष्ठको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने ।

**निर्णय नं. ४**

मन्थली नगरपालिकाको कार्यपालिकाको ५२ औं वैठकले नगरपालिकाबाट चालु आ.व.मा विनियोजित रकमबाट सञ्चालन हुने पूर्वाधारतर्फका योजनाको सम्झौताको म्याद यही मंसिर २५ गतेसम्म तोकेकोमा केही योजनाहरुको स्टमेट तयार गर्ने र उपभोक्ता समिति गठन कार्य अझै बाँकी रहेकाले चालु आ.व.का योजना सम्झौताको म्याद यही पुस २० गतेसम्म कायम गर्ने र यस पछि योजनाको सम्झौता नगर्ने ।

**निर्णय नं. ५**

दशौं नगरसभा (हिउदे अधिवेशन) यही पुस २८ गते बुधवार दिनको १०.०० वजे नगरपालिकाको सभा हलमा सञ्चालन गर्ने ।

**निर्णय नं. ६**

मन्थली नगरपालिका वडा नं. १ मा रहेको तामाकोशी सेवा समितिको भवनको अगाडि रहेको विपीको शालिक मुनि पूर्वमा शंकर लामाको घर कम्पाउण्ड पश्चिममा

पत्रकार महासंघको कार्यालय उत्तरमा विपीको शालिक र दक्षिणमा रघुनाथ श्रेष्ठको खेत रहेको चारकिल्ला भित्र रहेको सार्वजनिक ऐलानी जग्गा यकिन गरी मन्थली नगरपालिका वडा नं. १ को वडा कार्यालयको भवन निर्माण प्रक्रिया अगाडि वढाउने ।

**निर्णय नं. ७**

यही पुस २३, २४ र २५ गते सञ्चालन हुने मेयर कप भलिवलका लागि सबै वडामा टिम गठनको कार्य अगाडि वढाउने र मेयर कप सञ्चालनमा खेलाडी परिचालनका लागि नगरपालिकाको सञ्चित कोषबाट रु ३५००००।– रकम विनियोजन गरी आगामी नगरसभाबाट अनुमोदन गराउने ।

**निर्णय नं. ८**

मन्थलीमा सञ्चालन भईरहेको रामेछाप जिल्ला फुटवल लिग सञ्चालनका लागि रामेछाप जिल्ला फुटवल संघलाई रु ५०००००।– रुपैया उपलब्ध गराउने र सो रकम सञ्चित कोषबाट खर्च लेखी आगामी नगरसभाबाट अनुमोदन गराउने ।

**निर्णय नं. ९**

मन्थली वजारमा तरकारी लगायतका दैनिक उपभोग्य वस्तुको पेशा व्यवसाय दर्ता नगरी र ईजाजत पनि नलिई जथाभावी रुपमा गर्ने गरिएको बिक्रि वितरण कार्यमा रोक लगाउन आवश्यक कार्य अगाडि वढाउने ।

**निर्णय नं. १०**

साविक कठजोर गा.वि.स. वडा नं. १ (क) कि.नं. ६९४ को हाल मनपा १ घारी टोलको उत्तरमा राष्ट्रिय अनुसन्धान कार्यालय भवन, पश्चिममा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र भवनसँगैको बाटो, पूर्वमा मन्थली खिम्ती पीच सडक रहेको ६ रोपनी १२ आना नगरपालिकाले उपभोग गर्दै आएको सार्वजनिक जग्गामा जिल्ला आयुर्वेद अस्पताल भवन निर्माण गर्न सहमती प्रदान गर्ने निर्णय गरियो ।